परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं। पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष १० ❑ अंक २० २०७८ पुस ४ गते आईतवार Sunday 19, DEC 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## ठूलो सवारी साधनलाई व्यवस्थापन गर्न स्थानीयको माग

बिराटनगर। हुलाकी राजमार्ग खण्डको विराटनगर महानगर पालिकाको पूर्वमा रहेको सिंघिया खोला देखि पूर्व कटहरी गाउँपालिकाका भित्र सडक पेटीमा नेपाली तथा भारतीय ट्रक, टिपर, लहरीका कारण दुर्घटना बढेको भन्दै स्थानीयवासीले ती मालबाहक साधनलाई व्यवस्थान गर्न माग गरेक छन्।

सडकपेटीमा अनावश्यक रुपमा मालवाहक सवारी साधनहरु अव्यवस्थीत तरीकाले पार्किङ्ग गरी राख्दा आम नागरिक दुर्घटनका जोखिममा रहेको छ। कटहरी गाउँपालिका भित्र सयौ उद्योग, कलकारखाना संचालनमा रहेका छन्। भने पूर्वका जतिपनि उद्योगहरु छन् त्यसको सयौ गाडीहरु समेत कटहरी गाउँपालिकाबाटै औद्योगिक नगरी विराटनगर प्रवेश गर्दछन्।

उद्योगका सञ्चालकहरु भने गाडी पार्किङ्को व्यवस्था गरेको छैनन्। सवारी साधन जसको हो। त्यसैले पार्किङ्को व्यवस्था गर्नु पर्ने हुन्छ तर त्यता तिर कुनै उद्योगीले व्यवस्था गरेको पाईदैन। जसले गर्दा स्थानीयवासी दुर्घटनाको जोखिममा रहेको स्थानीहरुको भनाई छ।

कटहरी गाउँपालिका क्षेत्र भित्रका सडकपेटीहरुमा भारतीय ट्रक, टिपर, लहरी लगायत चारचकै गाडीहरु अनावश्यक रुपमा पार्कीङलाई ततकाल ट्राफीकले व्यवस्थापन गर्नुपर्ने भारतीय ट्रक, टिपर, लहरी लगायत चारचकै गाडीहरु अनावश्यक रुपमा पार्कीड गरेका कारण कटहरी क्षेत्र भित्र रहेको रंगेली रोडमा आवत जावत गर्न निकै समस्या भएकोले अनावश्यक रुपमा पार्कीड गरेका भारतीय ट्रक, टिपर, लहरी लगायत चारचक्के गाडीहरुलाई ट्राफीक प्रहरी र उद्योगका सञ्चालकहरुले व्यवस्थापन गर्नुपर्ने स्थानीयको माग छ।

उद्योग प्रयोजनका कचा पदार्थ बोकेर भारतीय ट्रक, टिपर, लहरी लगायतका गाडीहरु पालिका क्षेत्र भित्रि गाडीको आउने चाप बढदो छ। तर सडकपेटीमा गाडीपार्कीङ गर्न नमिल्ने जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङका प्रमुख ट्राफिक प्रहरी निरीक्षक चन्द्र बहादुर खड्काको भनाई छ।

रंगेली रोडबाट दैनिकी हजारौंको संख्यामा पाईदल यात्री, साईकल, मोटरसाईकल, सिटि सफारी र टेम्पु लगायतका सवारीहरुबाट यात्रुहरु अवात जावत गर्दै आएको सडकपेटीहरुमा पार्कीङ गरी राखिएको भारतीय ट्रक, टिपर, लहरी लगायतका गाडीलाई कारबाही गर्ने खड्काको भनाई छ।

## नक्कली पिसीआर रिर्पोट

झापा। झापाको मेचिनगर वडा नं. ६ स्थितबाट नक्कली पि.सि.आर. रिपोर्ट बनाउने १ जना प्रहरीले पक्राउ गरेको छ।

मंगलवार भारतबाट नेपाल तर्फ आउदै गरेका राकेश चौहानले देखाएको पि.सि.आर. रिपोर्ट हेर्दा केही शंकास्पद देखीएसंगै अनुसन्धान गर्ने क्रममा नक्कली रिपोर्ट रहेको खुल्न आएको थियो।

उक्त रिपोटमा मेची अञ्चल अस्पतालको लेटर प्याडमा रिपोर्ट नेगेटिभ लेखिएको पाईएसंगै थप अनुसन्धान गर्ने क्रममा उक्त रिपोर्ट मेचीनगर नगरपालिका वडा नं. ६ मा रहेको रिङ्जी टुर एण्ड ट्राभल्स ले उपलब्ध गराएको खुल्न आएको थियो।

नक्कली रिपोर्ट साथमा लिई आएका चौहानको बयानका आधारमा रिङ्जी टुर एण्ड ट्राभल्स का संचालक ३६ बर्षिय पेमा तामाङलाई पक्राउ गरिएको हो।

तामाङको साथबाट प्रहरीले ब्अभच कम्पनिको ल्यापटप २ थान र इप्सन कम्पनिको ल्यापटप १ थान समेत नियन्त्रणमा लिई अनुसन्धान भई रहेको ईलाका प्रहरी कार्यालय काकडभिट्टाले जनाएको छ।

## सालोद्धारा भिनाजुको हत्या



सुनसरी। सुनसरीको ईटहरी उप-महनगरपालिका वडा नं. ४ स्थितमा आफ्नै सालोले छुरा प्रहार गर्दा भिनाजुको हत्या गरेको छ। मृत्यु हुनेमा ईटहरी उपमहानगर पालिका वडा नं. ४ का ५१ बर्षिय श्री मुरारी गिरी रहेको छ।

मंगलबार गिरी कै घरमा बस्दै आएका सालो १९ बर्षिय अर्जुन राईले गिरीको छातिमा छुरा प्रहार गरेका थिए। घाईते गिरीलाई उपचारको लागि नोबेल अस्पताल विराटनगर लगिएकोमा उपचारको क्रममा मृत्यु भएको थियो।

छुरा प्रहार गर्ने राईलाई ईलाका प्रहरी कार्यालय ईटहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको छ।

## एकाईस क्वीनटल चिनी बरामद

विराटनगर। मोरङको रतुवामाई नगरपालिका वडा नं. १० सातमेडीबाट प्रहरीले तस्करीको २१ क्वीन्टल (दुई हजार एक सय किलो) चिनी बुधबार बरामद गरेको थियो।

भारतबाट नेपाल प्रवेश गरेको मे १ च ५६७० नम्बरको पिकअप भेनमा भन्सार छली गरेर

बाँकी अन्तिम पेजमा...

## साठी प्रतिशत छुटमा विन्टर फुट वेयर




बिराटनगर,। विन्टर फुट वेयर महाउत्वसको समुद्घाटन प्रमुख अतिथी रातो तारा डट कमका सम्पादक एवं स्वतन्त्र पत्रकार तेजेन्द्र भण्डारीले रिबन काटेर गरेको छ।

विराटनगर महानगर पालिका वडा नं. ६ भाटभटेनीका छेउमा लागेको महाउत्स पुस २ गते देखि ३० गते सम्म संचालन रहने छन्। उक्त महाउत्सवमा उपभोक्ताले शून्य देखि ६० प्रतिशत छुटमा हाइलाईफ,

बाँकी अन्तिम पेजमा...

## समाजवादी विद्यार्थीको समर्थन खुम्बुलाई

विराटनगर। रविन खुम्बुको नेतृत्वमा रहेको ६१ सदस्य रहेको १ नं. प्रदेश समितिलाई समाजवादी विद्यार्थी यूनियनको समर्थन रहेको पुन १ गते विहीवार एक प्रेस विज्ञप्ती मार्फत जानकारी गराएको छ।

समाजवादी पार्टी नेपाल समर्थित समाजवादी विद्यार्थी फोरम र नयां शक्ति पार्टी समर्थित नयां शक्ति विद्यार्थी यूनियन बीच दुई वर्ष अघि एकिकरण भई समाजवादी विद्यार्थी यूनियन बनेको थियो। दुवै संगठन बीच समायोजनका लागि संघ, प्रदेश र जिल्लाका क्याम्पसहरु मा समायोजनको लागि कार्यदल बनाएको थियो।

प्रदेश १ मा समायोजनको लागि पुर्व समाजवादी विद्यार्थी फोरमको तर्फबाट उपाध्यक्ष सुवास लुवाङ र सचिव सुवास राई र पूर्व नयाँ शक्ति विद्यार्थी यूनियनबाट दुई जना गरी ४ जनाको कार्यदल निर्माण भएको थियो।

उक्त कार्यदल भित्रका पूर्व समाजवादी विद्यार्थी फोरमको तर्फबाट जिम्मेवारी पाएका लुवाङ र राईले समितिमा कुनै छलफल नगरी अलोकतान्त्रिक, निरकुश शैलिमा समायोजनको भावना विपरीत संगठन ध्वस्त बनाउन लागि परेको भन्दै संगठनको गरिमालाई बचाउन दर्जनौ सदस्यहरुले रविन खुम्बुको नेतृत्वमा रहेको यूनियनलाई समर्थन गरेको प्रेस विज्ञप्तीमा उल्लेख छ।




SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## साठी...

शिखर र यूनाइटेड ब्राण्डका जुत्ता चप्पलहरु खरीद गर्न सकिने विन्टर फुट वेयरको संचालक समिम खानले जानकारी दिएका थिए ।

उक्त महाउत्सवमा हाइलाईफका प्रतिनिधी राघव वियानी, शिखरका प्रतिनिधी संगिता काडारीया र यूनाईटेड ब्राण्डका प्रतिनिधी सूरज प्रधानको उपस्थिति रहेको थियो ।

महोत्वसको मुख्य उदेश्य स्वदेशी ब्राण्डका जुता चप्पलहरु आम नेपाली जनताले सहज तरीकाले सस्तोमा पाउन भन्ने रहेको छ । नेपाली बस्तु उपभोत्ताहरुलाई चिनाउन र स्वदेशी उत्पादनलाई प्रबर्द्धनका लागि आयोजना गरिएको हाईलाईफका प्रतिनिधी राघव वियानीले वताए ।

३० गते सम्म महाउत्स संचालन हुने छ भने त्यस पछि उपभोक्ताले सवै ब्राण्डका जुत्ता चप्पल एकै ठाउँमा पाउन भन्ने उदेश्यले त्यो पसलहरु सधै संचालनमा रहने हाईलाईफका प्रतिनीधि सूरज प्रधानले वताए ।

## एकाईस...

भित्राइएको चिनी प्रहरीले बरामद गरिएको थियो । मोरङ प्रहरीका प्रवक्ता डीएसपी दीपक श्रेष्ठका अनुसार जुटको बोरामा राखेर भेनमा लोड गरेर ल्याउँदै गरेको अवस्थामा ५० किलो दरका ४२ बोरा चिनी बरामद गरिएको वताए ।

शंकास्पद अवस्थाको भेन नियन्त्रणमा लिएर खानतलासी गर्दा ठूलो परिणाममा तस्करीको चिनी फेला परेको थियो । तस्करी चिनी भेटिएपछि प्रहरीले चिनीसहित भेन, भेनका चालक झापाको दमक नगरपालिका वडा नं. ७ का ३२ वर्षीय दिनेशकुमार श्रेष्ठ र चिनी धनी रतुवामाई नगरपालिका वडा नं. ५ का ४५ वर्षीय ध्रुवकुमार शिवाकोटीलाई नियन्त्रणमा लिएको थियो ।

बरामद भएको चिनी र नियन्त्रणमा लिएको भनेसहित चालक र धनीलाई आवश्यक कारबाहीका लागि सोही दिन विराटनगर भन्सार कार्यालयमा बुझाइएको थियो ।

## सुन जस्तो दखिने पदार्थ बरामद

विराटनगर । मलद्धारमा लुकाएर भन्सार छल्न खोज्ने सुन जस्तो देखिने पदार्थ सहित दुई जना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

दुबईबाट काठमाडौं आएका दुई जना भारतीय यात्रु सुनजस्तै देखिने पहेँलो पदार्थसहित नेपाल एयरलाइन्सको उडान नम्बर आरए २३० बाट काठमाडौं आएका ३१ वर्षीय सथम हुसेन र ३६ वर्षीय कादर इब्राहिम पक्राउ परेका हुन् ।

हुसेनको गतिविधिमा शंका लागेपछि उनलाई आगमन पार्किङ एरियाबाट प्रहरीले नियन्त्रणमा लिएको थियो । उनलाई परीक्षणको लागि काठमाडौं मेडिकल कलेज सिनामंगल पुर्याइएको थियो ।

सो क्रममा हुसेनले मलद्वारमा लुकाएर भन्सार छल्न खोजेको अवस्थामा सुनजस्तो देखिने पाँच थान अर्ध ठोस पदार्थ बरामद भएको प्रहरीले जनाएको छ । उनको बयानको आधारमा भारतीय आधार कार्डसमेत बोकेका कादर इब्राहिमलाई पनि नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।




## ठगीमा संलग्न पक्राउ

विराटनगर । मोरङको बिराटनगर महानगरपालिका वडा नं. १० बसपार्क स्थितबाट जागिर लगाई दिन्छु भनि ठगि गर्ने १ जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा गोर्खाको लखन गाउँपालिका वडा नं. २ का ३८ बर्षिय गणेशराज अर्याल रहेको छ ।

अर्यालले उदयपुर त्रियुगा नगरपालिका वडा नं. ८ का उमेश कुमार दनुवार र प्रेम कुमार दनुवारबाट पटक(पटक गरी नगद रु. १ लाख ७३ हजार रकम ठगि गरेका थिए ।

पक्राउ परेका अर्यालको सम्मानित जिल्ला अदालत मोरङबाट ठगी कसूरमा म्याद थप गरी अनुसन्धान भईरहेको छ ।

## मोटर साईकल र स्कुटी चोरीमा संलग्न पक्राउ





विराटनगर । मोरङको बिराटनगर महानगरपालिका वडा नं. १७ मटेरुवा स्थितबाट मोटरसाईकल चोरीमा संलग्न १ जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा सुनसरी रामधुनी नगरपालिका वडा नं. ३ घर भई बिराटनगर महानगरपालिका वडा नं. ११ मा डेरा गरी बस्ने २८ बर्षिय उमेश दाहाल रहेको छ ।

मंसिर २६ गते राती बिराटनगर स्थित कोशी अस्पतालको परिसरमा पर्किङ गरी राखेको को. २५ प ५०२४ नम्बरको बुलेट मोटरसाईकल चोरी भई खोजतलास गर्ने क्रममा प्रहरी चौकी मटेरूवाबाट खटिएको प्रहरी टोलीले भारतको जोगवनी तर्फ लादै गरेको अबस्थामा मोटरसाईकल सहित दाहाललाई पक्राउ गरिएको थियो ।

पक्राउ परेका दहाललाई सम्मानित मोरङ जिल्ला अदालत बाट चोरी कसूरमा म्याद थप गरी अनुसन्धान भईरहेको छ ।

त्यसैगरी मोरङको बिराटनगर महानगरपालिका वडा नं. १२ पटुवारी टोल स्थितबाट स्कुटर चोरीमा संलग्न १ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा बिराटनगर महानगर पालिका वडा नं. १२ कै २२ बर्षिय गणेश कुमार राम रहेको छ ।

मंसिर २९ गते राती सृजना पन्तको को २९ प ६६०० नम्बरको स्कुटर चोरी गरी लादै गरेको अवस्थामा ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले स्कुटर सहित पक्राउ गरीएको थियो ।

पक्राउ परेका रामलाई विहीवार सम्मानित जिल्ला अदालत मोरङबाट चोरी कसूरमा म्याद थप गरी अनुसन्धान भईरहेको छ ।

**क्राईम अपरेशन साप्ताहिक पत्रिको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक**

(२०)

**कोरोना संक्रमणदर घटेकोमात्र हो : पूर्णरूमा हटेको छैन ।**

त्यसैले सचेत र सतर्क रहौं ।
विद्यालय तथा अन्य जमघटमा जाँदा स्वास्थ्य मापदण्डको अनिवार्य पालना गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

### हाम्रो सेवाहरु :-

- ★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### कृषिकलाई अनुदान देउ सरकार

नेपाललाई कृषि प्रधान देश भनेर पनि चिनिन्छ । यहांका करीब ८५ प्रतिशत नागरिक कृषि पेशामा निर्भर रहेको छ । तर सरकारले सवभन्दा वढी वेवास्ता गरेको पेशा पनि कृषि नै हो । किसानले लगाएको वालीवाट आम नागरिकलाई खाद्य्य पदार्थ पाउँछ तर त्यही किसन ठगीमा परेको छ । किसानले उत्पादन गरेको धान, पाट, उखु, हरियो तरकारी, दुध जन्य पदार्थहरुको कहिले उचित मुल्य पाउँदैन । किसानले उत्पादन गरेको खाद्य्य पदार्थवाट किसानले भन्दा पनि विचौलियाले कमाउने गरेको पाईन्छ । किसानको खेतीमा २० रुपिया केजी कोवी पाउँछ भने उपभोक्ताको हातमा पर्दा त्यो एक केजीको मुल्य ८० रुपिया हुन्छ । विचौलियाको हातमा ६० रुपियाँ पर्दछ । त्यसैले कृषि कर्म गर्नु भन्दा पनि विचौलिया र व्यापार गरेमा वढी फाईदा हुन्छ भन्दै यूवाहरु कृषि पेशावाट पलायन भएको पाईन्छ । कृषि पेशालाई तुछको पेशा भन्दै हेला गरेको पाईन्छ । त्यसका पनि प्राकृति विपतीले पनि कृषकलाई नै हानी नोक्शानी पुग्ने गरेको छ । त्यसमा पनि सरकारले कृषकको लागि क्षति पुर्ति घोषना त गरिन्छ तर त्यो पनि असली कृषकको हात पुग्न वर्षौ लाग्छ । यी यथावत समस्याले कृषि पेशा पलायन हुने अवस्थालाई रोक्न सरकारले कृषि नीति वनाउनु पर्छ ।

यसपालीको धानवाली लगायत हिउँदे वालीलाई समेत वेमौसमी वर्षाले गरेको क्षतिले किसानको धानवाली खेतीवाट घर सम्म सतप्रतिशत गएको छैन । घर सम्म पुगेको धानवालीको व्यापारीले नेपाल सरकारले तोकेको मुल्यमा किन्न तयार छैन । किसानको घरायसी आवश्यकताले त्यो धानलाई सरकारले तोकेको मुल्य भन्दा आधा मूल्यमा वेच्न वाध्य भएको छ । सरकारी मुल्यमा नकिन्ने व्यापारीलाई सरकारले कारवाही गर्न सकेको छैन । व्यपारीलाई कारवाहीको दायरामा ल्याउन कानुन वनाएर दण्डित गर्नु पर्यो अथवा कृषकले उत्पादन गरेको खाद्य्य बस्ते नेपाल सरकारले किन्नु पर्यो । सरकारले खरीद गरेको खाद्य्य बस्तुलाई बजारमा सुपथ मूल्यमा विक्रीवितरण गर्नु पर्छ । किसानले उत्पादन गरेको बालीको सरकारले विमाको व्यवस्था समेत मिलाउनु पर्छ । जसले गर्दा प्राकृतिक विपतीवाट कृषिवालीमा भएको क्षतिलाई विमाले परिपुर्ति गर्दछ ।

साचै नेपाललाई विकास र समृद्धिको बाटोमा लाने हो भने कृषिमा आधुनिकीकरण गर्न जरुरी छ । पुरातन कालीन कृषि पेशाले दिनानुदिन देश गरीवीको रेखामुनि जान्छ । त्यसैले कृषकको खेती सम्म विजुली वत्ती, पानीको व्यवस्था, समायमा मल र विउको व्यवस्थापन, कृषिमा अनुदान लगायतको व्यवस्था गरेमा कृषि पेशामा यूवाहरुको सहभागिता बढ्न जान्छ जसले गर्दा विदेश गईरहेको युवा पिढीलाई केही हद सम्म रोक्छ समेत मद्दत पुग्द छ । देशको यूवा शक्तिलाई रोकेर देशमै श्रमगरी नेपाललाई विकास र समृद्धि तिर उन्मुख गराउन सकिन्छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपुर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) **:सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# सार्वजनिक खरीद ऐन विकासको बाधक कि सारथि ?

**जनकराज पन्त**

प्रतिस्पर्धा, स्वच्छता, इमानदारी, जवाफदेही र विश्वसनीयता प्रवर्द्धन गरी सार्वजनिक स्रोत र साधनको मितव्ययी, प्रभावकारी तथा विवेकपूर्ण परिचालन मार्फत लागत अनुसार महत्तम प्रतिफल हासिल गर्नु सार्वजनिक खरीदको प्रमुख उद्देश्य हो ।

सार्वजनिक निकायको खरीद व्यवस्थापन क्षमता अभिवृद्धि गरी उत्पादक, बिक्रेता, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई विना भेदभाव सार्वजनिक खरीद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गरी सुशासनको प्रत्याभूति दिलाउने उद्देश्यका साथ सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ कार्यान्वयनमा ल्याइएको छ ।

ऐनले सार्वजनिक निर्माण, मालसामान खरीद र ढुवानी, परामर्श सेवा, भाडा वा पट्टा, रासन सामग्री खरीद, मर्मतसम्भार र अन्य सेवाहरू प्राप्त गर्ने जस्ता सार्वजनिक खरीदका विभिन्न अपयवको सम्बन्धमा उल्लेख गर्दै सार्वजनिक निकायले जुनसुकै अवस्थामा पनि यस्ता कार्य गर्दा खरीद ऐन, नियम अनुसारको कार्यविधि पूरा गर्नुपर्ने व्यवस्था गरेको छ ।

नेपाल सरकारले चालु खर्चमा मितव्ययिता अपनाउँदै पूँजीगत खर्च बढाएर राष्ट्रिय पूँजी निर्माण गर्ने, सार्वजनिक निर्माण कार्यलाई गति प्रदान गर्ने र गुणस्तरीय कार्य गर्ने उद्देश्य राखे तापनि सो प्राप्त नभए पश्चात अहिले सार्वजनिक खरीद ऐन, २०६३ मा समसामयिक संशोधनको तयारी भैरहेको छ ।

प्राय: सबै ठेक्का सम्झौताको लागत र समय बढ्नु, एउटै आयोजना वर्षौंसम्म पूरा नहुनु, भएको कार्य पनि गुणस्तरीय नहुनु, आयोजना लिने तर काम नगर्ने परिपाटी मौलाउँदै जानु जस्ता अवस्थाको अन्त्य गर्न पनि सार्वजनिक खरीद ऐन संशोधन गर्नुको विकल्प नरहेको धेरैको तर्क रहेको देखिन्छ । खरीद ऐनमा संशोधन हुँदैमा उल्लिखित कुरामा सुधार आइहाल्छ भनेर विश्वस्त हुने आधार कमै रहेता पनि केही सुधारको ढोका भने पक्कै खुल्नेछ ।

के विद्यमान कानून बाधक नै हो त ?

विद्यमान खरीद ऐन नै अहिले विकासको बाधक रहेको मत धेरैको रहेको छ । यसर्थ, यसमा रहेका प्रावधानहरूको पहिले समीक्षा हुन जरुरी देखिन्छ । के मौजूदा कानूनमा काम नगर्ने निर्माण व्यवसायीलाई कारबाही गर्ने प्रावधान राखिएको छैन ? ऐनले के सार्वजनिक निकायलाई तोकिएको लागत, समय र गुणस्तरमा कार्य गर्न/गराउन रोकेको छ ?

आयोजना तयारी, खरीद योजना स्वीकृत, बजेट व्यवस्था, डिजाइन, ड्रइङ वा विस्तृत आयोजना तयारी, निर्माणस्थलको व्यवस्था नगरी खरीद तथा ठेक्का व्यवस्थापन गर्न प्रोत्साहित तथा खुल्ला गरेको छ ? के ऐनले जथाभावी रूपमा स्लाईसिङ्ग र प्याकेजिङ्गलाई प्रोत्साहित गरेको छ ?

के ठेक्का सम्झौता हुँदा बित्तिकै २० प्रतिशत अग्रिम पेश्की दिइहाल्नुपर्ने व्यवस्था गरेको छ ? सार्वजनिक निकायले निर्माण व्यवसायीलाई दिएको पेश्की जथाभावी खर्च गर्ने अधिकार दिएको छ ? पक्कै पनि छैन ।

यति मात्र होइन विद्यमान ऐनले निर्माण व्यवसायी, परामर्शदाता, आपूर्तिकर्ताको योग्यता निर्धारणको सम्बन्धमा थुप्रै विशिष्ट र वस्तुनिष्ठ व्यवस्था गरेको छ । सार्वजनिक निकायमा कार्यरत पदाधिकारीदेखि निर्माण व्यवसायी, परामर्शदाता, आपूर्तिकर्ताको आचरण सम्बन्धी व्यवस्था समेत गरेको छ । भेरिएसन, मूल्य समायोजन, ठेक्का सम्झौताको अन्त्य, कालोसूचीमा राख्न सकिने लगायत व्यवस्था समेत स्पष्ट रूपमा गरिएको छ ।

नियमावलीमा समेत थुप्रै व्यवस्था गरिएको छ भने पटकपटकको संशोधनको माध्यम बाट म्याद थप लगायतका अन्य विषयलाई थप कडिकडाउ बनाइएको छ । हाम्रो जस्तो परिवेश रहेको छिमेकी देश भारतमा रहेको सामान्य वित्तीय नियम, २०१७ मा रहेका खरीद सम्बन्धी प्रावधानको तुलनात्मक अध्ययन गर्ने हो भने पनि हाम्रो खरीद ऐनमा भन्दा कम व्यवस्था राखिएको पाइन्छ । तर त्यहाँको सार्वजनिक खरीद हाम्रोभन्दा राम्रो नै ठानिन्छ ।

सार्वजनिक खरीद अनुगमन कार्यालयले तयार पारेको स्ट्याण्डर्ड बिडिङ डकुमेन्ट एशियाली विकास बैंक, विश्व बैंकका साथै फिडिक डकुमेन्ट भन्दा खासै अमिल्दो देखिंदैन । तर पनि हामी खरीद तथा ठेक्का व्यवस्थापनमा चुकेका छौं । विकासको गति अत्यन्त धीमा छ, भएका कार्य गुणस्तरीय छैनन्, लागत अनुसार लाभ प्राप्त भएको छैन ।

बजेट खर्चको वर्तमान अवस्था सन्तोषजनक नभएको सबैको गुनासो छ । विगत दश वर्षको बजेट कार्यान्वयनको तथ्यांक हेर्दा औसत बजेट खर्च ८३ प्रतिशत र पूँजीगत बजेट खर्च ७० प्रतिशत हाराहारी मात्र रहेको छ । अर्को तर्फ कुल पूँजीगत बजेट खर्चको ४० प्रतिशत खर्च असारमा मात्र हुने गरेको पछिल्लो पाँच वर्षको तथ्याङ्कले देखाउँछ ।

बजेट खर्चको यो अवस्थाको कारक तथा विकासको बाधकको रूपमा अहिले सार्वजनिक खरीद ऐनलाई नै हो भनेर ठानिएको छ । यी समग्र विषयलाई गहिरिएर अध्ययन गर्ने हो भने अहिले सार्वजनिक खरीदमा देखिएका समस्याको मूल जरो ऐन नभएर अरु नै केही हुनसक्ने देखिन्छ ।

अहिले ऐनमा संशोधनका लागि बहसमा आएका विषय नितान्त फरक छन्, हाम्रा समस्याका भित्री रहस्य र पाटा अर्कै छन्, जसको अध्ययन अनुसन्धान अत्यन्त कम भएको छ भनेर सहज रूपमा अनुमान लगाउन सकिन्छ ।

अहिलेका मुख्य समस्या

सार्वजनिक खरीदको अहिलेको प्रमुख समस्या ऐन नतिजा केन्द्रित नभएर प्रक्रिया केन्द्रित हुनु नै हो । नतिजा जस्तोसुकै आओस् तर प्रक्रिया पूरा गरेको नै हुनुपर्ने मान्यता रहेको छ । कानून छोटो र सरल बनाउनुपर्नेमा अत्यन्त लामो र प्रक्रियामुखी रहेको देखिन्छ ।

अझ नियमावलीमा अत्यन्त लामा प्रक्रियागत विषय समावेश गरिएका छन् । ठेक्का सम्झौताको प्रावधान र शर्त अनुरूप निर्णय लिनुपर्ने तथा गरिनुपर्ने विषय समेत नियमावलीमा समावेश गरिएका छन् । ऐनदेखि नियामक निकायले जसरी पनि सार्वजनिक खरीद पैसामा सस्तो हुनैपर्ने विषयलाई जोड गरेको देखिन्छ ।

बजारमा उपलब्ध गुणस्तरीय सामान तथा सेवा खरीद गर्नै नसकिने किसिमको व्यवस्था राखिएको छ । विद्युतीय खरीद प्रणालीलाई प्रयोगमा ल्याइए तापनि पूर्णरूपमा यसको उपयोग गर्न नसक्नु अहिलेको अर्को समस्या हो ।

निर्माण व्यवसायी तथा परामर्शदाताको योग्यता, अनुभवदेखि क्षमतासम्मका सम्पूर्ण विवरण, आयोजनाको अनुगमन तथा मूल्याङ्कनसम्मका कार्यहरूमा डिजिटल प्रविधिको प्रयोग अनिवार्य गर्न सकिए धेरै समस्या स्वत: हटेर जाने देखिन्छ ।

अहिले सार्वजनिक खरीद ऐन कम, सार्वजनिक खरीदका विकृति निवारण ऐन बढी जस्तो हुने गरी संशोधनको प्रयास गरिएको महसूस गरिएको छ । यद्यपि सुधार एउटा निरन्तर प्रक्रियाको शृंखला भएकोले ऐनमा गर्न लागिएको संशोधनलाई सकारात्मक रुपमा नै लिनुपर्दछ ।

खरीदका मुख्य मुख्य अन्तरवस्तुलाई समाहित गरी स्थिर कानूनको व्यवस्था नगरी प्रत्यायोजित विधायिकी अधिकारको रूपमा रहेको खरीद नियमावलीमा पटक-पटक संशोधन गरी लाभ लिने दिने परिपाटी सिर्जना हुनु पनि अर्को समस्याको रूपमा देखिएको छ ।

ऐनले अध्ययन तथा अनुसन्धान मूलक कार्यलाई पूर्ण रूपमा निरुत्साहित गरेको छ । अध्ययन तथा अनुसन्धानमूलक कार्यको खर्च पूर्वानुमान गर्न नसकिने र कहिलेकाहीं अपेक्षित उपलब्धि हासिल हुन नसक्ने विषयलाई ऐनले स्वीकार गरेको देखिंदैन । विशिष्टीकृत तथा नवीनतम रूपमा एकल रूपमा उपलब्ध हुने सामग्री, सफ्टवेयर खरीद गर्ने व्यवस्था नहुँदा समेत निकै समस्या हुने गरेको छ ।

अर्को प्रमुख समस्या सार्वजनिक निकायमा सदाचारिता, आर्थिक अनुशासन र सुशासनको कमी हो भने निर्माण व्यवसायी र परामर्शदातामा व्यावसायिकता र जिम्मेवारीपनाको कमी हो ।

अख्तियार दुरूपयोग गर्ने तथा अख्तियार सदुपयोग नगर्ने दुवै परिपाटी मौलाउँदै जानु पनि अहिले सार्वजनिक खरीदमा देखिएका प्रमुख समस्या हुन् । आयोजना प्रमुखलाई निर्माण कार्यमा जिम्मेवार बनाउन खोजिए पनि अधिकार सहितको जिम्मेवारी भने कमै प्रदान गरिएको छ ।

नेतृत्व परीक्षण, व्यवस्थापन परीक्षण गरेर मात्र आयोजना प्रमुख बनाउने र उसलाई अधिकार सम्पन्न बनाउने गरी कानूनी व्यवस्था रहेको देखिंदैन । अर्को मूल समस्या भनेको काम नगर्ने नगराउने निर्माण व्यवसायीले लिने राजनीतिक संरक्षण र राजनीतिकर्मीले सार्वजनिक निकायमा रहने पदाधिकारीलाई दिने दबाव हो ।

कर्मचारीले राजनीतिक नेतृत्वबाट असल मनसायबाट गरिएका कार्यहरूको स्वामित्व र संरक्षण चाहेका हुन्छन् तर व्यवसायीको दबावमा परेर कर्मचारीको मनोबल कमजोर बनाउने प्रत्यत्न राजनीतिक वृत्तबाट हुने गरेको सुनिने गरिएको छ ।

अर्को समस्या भनेको कर्मचारीलाई प्रदान गरिने उत्प्रेरणाको अभाव हो । काम नगर्ने र गर्ने बीच खासै भिन्नता रहेको देखिंदैन ।

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# कर्तव्य गरी ज्यान मारेको आरोपमा एक पक्राउ



झापा । धारिलो हरियार प्रयोग गरी कर्तव्य गरी ज्यान मार्ने १ जना ब्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा झापा दमक नगरपालिका वडा नं. १ का २० बर्षिय अर्जुन लिम्बु रहेको छ ।

मंसिर २९ गते दमक नगरपालिका वडा नं. ६ स्थित रक्षा फेन्सी पसलमा सेल्समेनको काम गर्दै आएका दमक नगरपालिका वडा नं. २ का २५ बर्षिय तेज प्रकाश पराजुली धराबाट पानी लिई पसलतर्फ फर्कने क्रममा धारिलो हतियारले काटेको रक्ताम्मे अवस्थामा पसल धनी सन्तोष पौडेलले फेला पारी उपचारको लागी बि.एण्ड.सि. अस्पताल बिर्तामोड लगिएकोमा उपचारको क्रममा मृत्यु भएको थियो ।

दमक नगरपालिका वडा नं. १ का २० बर्षिय अर्जुन लिम्बुलाई पौष १ गते प्रहरीले नियन्त्रणमा लिई अनुसन्धानको क्रममा पुर्व रिसईविको कारण घट्ना घटाएको, घटनामा प्रयोग भएका दशीका सामानहरु निजले आफ्नो भनि साबिति दिएको हो ।

प्रहरीले घटनामा प्रयोग भएको धारिलो हतियार दाउ १ थान, झोला, कालो रंगको जुत्ता र अन्य कपडाहरु बरामद गरेको छ । पक्राउ परेका लिम्वुलाई सम्मानित झापा जिल्ला अदालतबाट म्याद थप भई अनुसन्धान कार्य भईरहेको छ ।

# लागुऔषध सहित तीन पक्राउ

बिराटनगर । मोरङ र झापाको छुट्टाछुटै स्थानबाट लागु औषध सहित २ जनालाई प्रहरीले पक्राउ गरिएको छ ।

शुक्रवार बिराटनगर महा-नगरपालिका वडा नं. १३ सैनिक टोल स्थितबाट सिआरभी जतुवाको प्रहरी टोलीले चेकजाँचको क्रममा सुन्दर हरैचा नगरपालिका-६ का ३० बर्षिय छबिलाल सार्कीको साथबाट लुपिजेसिक २५ एम्पुल, डाईजेल्याब २५ एम्पुल, एभिल २५ एम्पुल, फेनारगन २५ एम्पुल, नाईट्राभेट ३० चक्की, स्पास्मोप्रोक्सिभन प्लस २४ चक्की सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी सोही राती बिशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले दमक नगरपालिका वडा नं. ७ अधिकारी टोल की ५० बर्षीया मुन्नी बेगमको घरमा लुकाई राखेको लागु औषध ब्राउन सुगर ६ ग्राम ५०० मिलीग्राम सहित बेगमलाई नियन्त्रणमा लिएको हो । पक्राउ परेका उनीहरुको प्रहरीद्वारा थप अनुसन्धान भईरहेको छ ।

त्यसैगरी सुनसरीको धरान उप-महानगरपालिका वडा नं. १३ अमरपथ स्थितबाट लागु औषध सहित १ जनालाई पक्राउ गरिएको छ । पक्राउ पर्नेमा मोरङको लेटाङ नगरपालिका वडा नं. ३ का २४ बर्षिय उमेश बोगटी रहेको छ ।

बुधवार अस्थाई प्रहरी पोष्ट अमरहाटबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा लुपिजेसिक-७ एम्पुल, फेनारगन-७ एम्पुल, एभिल-७ एम्पुल, डाईजेल्याब-७ एम्पुल र नाईट्रोजन-२० ट्याब्लेट सहित बोगटीलाई पक्राउ गरेको थियो ।

पक्राउ परेका बोगटीको ईलाका प्रहरी कार्यालय धरानबाट थप अनुसन्धान भईरहेको छ ।

## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १

# घरमै पाईने यी जडिबुटीले सहजै घटाउन सकिन्छ मोटोपन

डा राजेन्द्र ज्ञवाली

व्यस्त जीवनशैलशी, बदि्लदो खानपिन र बढ्दो उमेरसँगै धेरै व्यक्तिको शरीरको तौल बढ्दै गएको छ। यो नेपालको मात्र नभई विश्वव्यापी समस्या बनिसकेको छ। मोटोपन बढ्दै जाँदा शरीरमा विभिन्न रोगहरु पनि देखा पर्छन्। त्यसैले मोटापन व्यवस्थापनका लागि जडिबुटीको प्रयोग सम्बन्धि कैयन अध्ययन अनुसन्धान हरु गरिएका छन्।

आयुर्वेदिक तथा परम्परागत जडिबुटीहरु जस्तै पुदिना, अश्व गन्धा, ध्यूकुमारी, लेमनग्रास, सनाईपत्ता, रोजमेरी, गार्सेनिया, पुनरनभा लगायत थुप्रै बनस्पति हरुको सेवनले शरीरमा अनावश्यक पदार्थ जम्न पाउँदैन। साथै अतिरिक्त चिनीको मात्रा उर्जामा परिणत हुन्छ। विषाक्त पदार्थ बाहिर निस्कन्छ। बोसो पग्लिन्छ र मोटोपन पनि घट्छ। मोटोपन नियन्त्रणका लागि संसारमा कागतीको रस र ग्रिन टी को प्रयोग अत्यधिक हुने गरेको छ। आफ्नो शरीरको संवेदन शीलता लाई पनि ख्याल राख्दै यी जडिबुटीहरु उचित मात्रामा मिलाएर खानुपर्ने हुन्छ। भान्सामा सहजै पाइने वनस्पतिहरु मा केन्द्रित भएर शरीरको मोटोपन नियन्त्रणका विषयमा यहाँ छलफल गरिएको छ।

**हरियो चिया (ग्रिन टी)**

हालै प्रकाशित एउटा सोधमा उल्लेख गरे बमोजिम ग्रिन टी को लगातार ८ देखि १२ हप्तासम्म करिब एक ग्राम एक्ट्रयाक्ट प्रतिदिनका दरले खाँदा सो अवधिमा ३ दशमलव ५ किलो ग्राम शरीरको तौल र ४ दशमलव १४ सेमी कम्मरको गोलाई घटेको तथ्य युरोपियन जर्नलमा प्रकाशित भएको छ।

ग्रिन टी को गुणस्तरको हिसाबले करिब ८ सय मिलीग्राम क्याटाचीन र न्यून मात्रामा क्याफिन रसायनहरु भएको ग्रिन टी तौल घटाउन प्रभावकारी पाइएको छ। 'ग्रिन टी'का पोलीफिनोल रसायनहरुले पेटमा संकलित चिल्लो पदार्थ र ग्लुकोजलाई शरीरको मुख्य प्रणालीमा प्रवेश हुनबाट रोक्छन्।

लगातार तीन महिनासम्म ग्रिन टी सेवन गर्दा शरीरमा एलडीएल कोलेस्ट्रोलको मात्रा घटाउँछ। साथै बोसोलाई उर्जामा परिणत गराई तौल नियन्त्रण गर्छ। सचेत हुन के जरुरी छ भने क्याफिनको मात्रा बढी भएको ग्रिन टी, तौल नियन्त्रणका लागि राम्रो हुँदैन। शारीरिक व्यायाम सुरु गर्नुभन्दा पहिले ग्रिन टी सेवन गर्नाले बोसो घटाउन विशेष मद्दत पुग्छ। मधुमेहका बिरामीहरुका लागि ग्रिन टी अझ बढी प्रभावकारी हुन्छ। राम्रो नतिजाका लागि उल्लेखित पोलीफिनोल प्राप्त गर्न प्रति दिन ३ देखि ४ ग्राम 'ग्रिन टी'को पात लगातार तीन महिनासम्म पिउनुपर्छ।

**जीरा**

जीरा हाम्रो भान्सामा सजिलै पाईन्छ। शरीरको मोटोपन नियन्त्रणका लागि जीरा अत्यन्त प्रभावकारी मानिन्छ। मोटोपन भएका एक सय जना महिलाहरुलाई जीराको रस खुवाई तौल नियन्त्रण भएको तथ्य ईरानका मेडिकल विश्वविद्यालयका प्राध्यापक जोर ले पुष्टि गरेका छन्। जीराको रसले रगत सफा गर्छ। बोसो पगाल्न मद्दत गर्छ। रोग प्रतिरोधात्मक क्षमता पनि वृद्धि गर्छ। लीपीड प्रोफाइलका सूचकाङ्कहरु नियन्त्रण गर्छ। पाचन प्रक्रिया वृद्धि गर्छ र विषाक्त पदार्थलाई शरीरबाट बाहिर निकाल्छ। करिब २ चम्चा जीरालाई पानीमा भिजाएर रातभरी राख्ने र बिहान उमालेर रस तयार पारी लगातार दुई महिनासम्म खानाले शरीरको तौल नियन्त्रण गर्न सहयोग गर्छ। तौल घटाउने उद्देश्यले जीरा पानी खाँदा बिहान खाली पेटमा खानुपर्छ। जीराको रसमा थप दालचिनी, मेथी, कागतीको रस आदी पनि मिसाएर सेवन गर्न सकिन्छ।

**तुलसी**

तुलसीको काडा केही महिनासम्म नियमित सेवन गर्नाले मोटोपन नियन्त्रण गर्न सकिन्छ। तौल बढी भएका व्यक्तिहरुमा गरिएको अनुसन्धानमा प्रतिदिन १० ग्रामका हिसाबले तुलसी १२ हप्तासम्म खाली पेटमा सेवन गर्दा शरीरको तौल, रगतको बोसो लगायत जीवन रसायनिक सूचकाङ्कहरु नियन्त्रण भएको पाइएको छ। प्रयोगशालामा सोधकर्ताहरुले, तुलसीको रसको प्रयोगले रगत सफा पार्ने, पाचन प्रक्रिया गतिशिल बनाउने र मधुमेशहका बिरामीलाई बढी फाइदा भएको पुष्टि गरेका छन्। दैनिक तुलसी खाँदा शरीरको बोसो घट्ने, शरीरमा लाभदायक सुक्ष्म जीवाणुहरुको विकास हुने, कलेजोको कार्य क्षमता वृद्धि हुने भएकाले बढी भएको तौल घटाउन लाभकारी मानिन्छ। तुलसीको १५-२० वटा पातको काडा पकाई खाली पेटमा खानाले बढी फाइदा हुन्छ।

**दालचिनी**

साढे एक ग्राम दालचिनीको धूलो दिनको तिन पटक गरी सेवन गर्दा शरीरमा तौल बढाउन सक्ने तन्तुहरुलाई नियन्त्रण गर्ने तथ्यहरु विभिन्न सोधहरुमा फेला परेका छन्। यसको पेय बनाएर सेवन गर्दा कम्मरको चौडाई घट्ने, रगतमा लिपीडको मात्रा कम हुने, बोसो पग्लिने जस्ता लाभहरु प्राप्त गर्न सकिन्छ। मधुमेहका बिरामीहरुमा दालचिनीले इन्सलिनको मात्रामा सुधार ल्याएको तथ्य अस्ट्रेलियामा भएको अनुसन्धानमा फेला परेको थियो। यसमा पाइने पोलीफिनोलिक यौगिकहरुले शरीरमा चिल्लो पदार्थको अवशोषणलाई रोक्छ। दालचिनीको आधा चम्चा धूलो एक कप पानीमा उमालेर पिउनुपर्छ। यसलाई दिनमा तीन पटकसम्म पिउनाले मोटापन नियन्त्रणमा बढी फाइदा पुग्छ।

**धनिया**

धनियाको दानामा प्रशस्त मात्रामा मिनरल, भिटामिन, फाइटोस्टेरोल लगायतका रसायनहरु पाइन्छ। शरीरको मोटोपन नियन्त्रणका लागि यी रसायनहरुको प्रमुख भूमिका हुन्छ। धनियाको दानाको रसले पाचन क्रियालाई मजबुत बनाउने, कलेजोको कार्यलाई सहयोग गर्ने, कोलेस्ट्रोलको मात्रा कम गराउने र साथ साथै तौल बढाउने तन्तुहरुलाई वृद्धि हुनबाट रोक्छ। एउटा अनुसन्धानमा जम्मा ८० जना मोटोपन भएका व्यक्तिहरुमा दैनिक २ ग्रामका दरले ४० दिनसम्म धनिया प्रयोग गर्दा शरीरको उचाईको अनुपातमा तौल, कोलेस्ट्रोल, टिजी, एलडीएल आदि घटेको पाइएको छ। दुई चम्चा धनियाको दाना, एक गिलास पानीमा रातभरी भिजाउने र त्यसलाई छानेर बिहान खाली पेटमा ७५ दिनसम्म खानुपर्छ। धनियाको पातबाट तयार पारिएको रस पनि प्रयोग गर्न सकिन्छ। साथै लसुन वा कागतीको रससँग मिसाएर खाँदा अझ प्रभावकारी हुने कुरा कृषि विश्वविद्यालय पाकिस्तानका सोधकर्ताले उल्लेख गरेका छन्।

**मेथी**

शरीरमा सञ्चित हुने चिनीलाई मेथीले घटाउँछ र बोसो को रुपमा परिणत भएर जम्मा हुन दिँदैन। एक चम्चा मेथीको दानालाई एक गिलास पानीमा रातभरी भिजाएर राख्ने र बिहान खाली पेटमा पानी सहित चपाएर खानाले मोटापन नियन्त्रण हुन्छ। साथै अन्य धेरै रोगहरुका लागि यो लाभदायक मानिन्छ। तौल व्यवस्थापनको प्रयोजनका लागि मेथीको सेवन कम्तीमा १५ दिन र बढीमा ९० दिनसम्म गर्न सकिन्छ। मेथीको दानामा पाइने अघुलशील रेसाहरुले शरीरमा जम्मा भएका विषाक्त पदार्थहरुलाई बाहिर निकाल्छ र तौल नियन्त्रण गर्न सहयोग गर्छ।

**लसुन**

मोटोपन भएका ४० जना व्यक्तिहरुमा एक सय मिली ग्राम प्रति केजी शरीरको तौलका हिसाबले दिनको दुई पटक गरी काँचो लसुन लगातार चार हप्तासम्म प्रयोग गर्दा पेटको गोलाई, कम्मरको चौडाई, भुँडीको जमेको बोसो, कोलेस्ट्रोल, शरीरको कुल तौल, घटेको कुरा भारतको यस.पी मेडिकल कलेजका सोधकर्ताहरुले पत्ता लगाएका छन्। लसुनमा पाइने फिनोलीक, सल्फर र टरपीन जस्ता रसायनहरुले शरीरको बोसो पगाल्न मद्दत गर्दछ र टिजी पनि कम गर्छ। लसुन-पानीमा कागतीको रस पनि मिसाएर खाएमा तौल नियन्त्रणका लागि प्रभावकारी हुन्छ।

**अदुवा**

अदुवाको नियमित सेवनबाट मोटोपन नियन्त्रण गर्न सकिने कुरा थुप्रै अध्यननहरुले प्रमाणित गरेका छन्। अदुवालाई पानीमा पकाएर खाली पेटमा खानाले पाचन प्रक्रिया र जीव रसायनिक प्रक्रियालाई गतिशिल बनाउँछ। मोटोपन भएका ८० जना महिलाहरुलाई दुई ग्राम अदुवा प्रति दिनका दरले ८ देखि १२ हप्तासम्म खान लगाई एउटा अनुसन्धान गरिएको थियो। त्यसमा ती व्यक्तिहरुको तौल घटाउन अदुवा उपयोगी भएको पाइएको छ। अदुवालाई काँचो वा पानीमा उमोलर अन्य जडिबुटीहरुसँग मिसाएर, कागतीको रस राखेर चियाको रुपमा समेत खाली पेटमा खाँदा बढी प्रभावकारी हुन्छ। अदुवाको सेवनले रगतमा चिनिको मात्रा नियन्त्रण गरिदिन्छ र बोसो बन्न पाउँदैन। अदुवाको नियमित सेवनगर्दा आफ्नो शरीरको संवेदनशीलतालाई ख्याल गर्नुपर्छ।

**बेसार**

बेसारले शरीरको औसत तौल, टिजी, कोलेस्ट्रोल आदि नियन्त्रण गरेको पाइएको छ। बेसारको धूलो २१ सय मिलि ग्राम प्रति दिनका दरले आठ हप्तासम्म खाँदा मधुमेहका बिरामीलाई समेत फाईदा पुगेको छ। मनतातो पानीमा एक चम्चा बेसार राखेर घोल्ने र बिहान खाली पेटमा सेवन गर्नाले पेट तथा कम्मरको बोसो पगाल्न मद्दत गर्दछ। कागतीको रस पनि मिसाएर खान सकिन्छ। यसले शरीरमा सञ्चित विषाक्त पदार्थ बाहिर निस्कन्छ। कुरकुमीन नामक यौगिकको मोटोपना नियन्त्रणमा प्रमुख भूमिका हुन्छ। यसले मोटोपन वृद्धि गराउने तन्तुहरुको विकास नियन्त्रण गर्छ र रगतमा चिनीको मात्रा पनि नियन्त्रण गर्छ।

**सोंफ**

सोंफले पनि पाचन क्रियाको सुधार र कलेजोको कार्यक्षमता वृद्धि गराउँछ। पाचन क्रियामा सुधार आउना साथ शरीरले खाद्य पदार्थलाई सजिलै उर्जामा परिणत गराउँछ र तौल बढ्न दिँदैन। मोटोपन भएका महिलाहरुमा दक्षिण कोरियामा सन् २०१५ मा गरिएको अध्ययनले सोंफको प्रयोग गर्दा खानाको भोक घटेको पाइएको छ। दुई चम्चा सोंफलाई रातभरी पानीमा भिजाएर राख्ने वा सिधै पानीमा उमालेर त्यसको रस दैनिक रुपमा खानाले शरीरको तौल कम हुन्छ। सकेसम्म बिहान खाली पेटमा, यो संभव नभए बेलुका सुत्नुभन्दा पहिले पिउन सके राम्रो हुन्छ।

कागती

कागती शरीरको तौल नियन्त्रणका लागि अति प्रभावकारी मानिन्छ। दक्षिण कोरियामा गरिएको एउटा अध्ययन अनुसार १४० ग्राम कागतीको रस, १४० ग्राम निबुवाको रस दुई लिटर पानीमा मिसाई लगातार ११ दिनसम्म खाँदा शरीरको बोसो घटेको, कम्मरको चौडाई कम भएको र कुल तौल पनि घटेको पाइएको थियो। मनतातो पानीमा एउटा सिंगो कागतीको रस, स्वादका लागि पुदिना र थोरै मात्र गुंण राखेर बिहान खाली पेटमा खानाले तौल घट्छ। त्यसका साथै कोलेस्ट्रोल, एलडीएल र रगतमा चिनीको मात्रा पनि नियन्त्रण गर्छ। माथि उल्लेख गरिए जति कागतिको रस प्राप्त गर्न कम्तीमा ५ देखि ७ वटासम्म कागती दैनिक सेवन गर्नुपर्ने हुन्छ। अलि बढिनै परिमाणमा सेवनगर्दा आफ्नो शरीरको संवेदनशीलतालाई ख्याल गर्नुपर्छ।

ज्वानो

एक चम्चा ज्वानोको दाना एक गिलास पानीमा भिजाएर लगातार आठ हप्तासम्म खाली पेटमा खानाले तौल नियन्त्रण गर्छ भन्ने तथ्य सोधपत्रहरुमा प्रकाशित भएका छन्। यसले पाचन प्रक्रिया बलियो बनाउँछ। शरीरमा बढी हुन गई सञ्चित हुन सक्ने पदार्थहरुलाई बाहिर निकाल्छ। बढीमा दुई चम्चासम्म रस सेवन गर्नाले शरीरको मोटोपना नियन्त्रणमा आउँछ।

अत: मोटोपन जस्तो जनस्वास्थ्यको समस्याबाट जोगिनका लागि माथि उल्लेखित गरिएका हाम्रै भान्छामा सहजै उपलब्ध हुने प्राकृति जडिबुटीहरु हुन्। मोटोपन बढ्दै जानु एक जटिल प्रक्रिया पनि भएकाले शारीरिक व्यायाम, पूर्ण निद्रा, सकारात्मक सोच, सन्तुलित खाना आदिले शरीरको जीव रसायनिक प्रक्रियालाई गतिशिल बनाउँछ र तौल नियन्त्रणका लागि मद्दत पुर्याउँछ। मोटोपन बढ्नु एक जटिल प्रक्रिया पनि भएकाले यी प्रयास मात्र पर्याप्त नहुन पनि सक्छन्। यी प्राकृतिक विकल्पहरुका साथसाथै सरल र स्वस्थ्य जीवनशैली पनि उत्तिकै जरुरी छ। (डा राजेन्द्र ज्ञवाली जडिबुटी विज्ञ हुन्।)



## होटलमा वेस्यावृती गराउने कार्यमा संलग्न दुई पक्राउ

सुनसरी । सुनसरीको इटहरी उप-महानगपालिका वडा नं. ९ स्थित रिभरसाईड होटल एण्ड लजबाट बेश्याबृत्ति गराउने कार्यामा संलग्न २ जनालाई मंलगवार पक्राउ गरिएको थियो ।

पक्राउ पर्नेमा ईटहरी उपमहानगरपालिका वडा नं. ४ का ३६ बर्षिय गौतम लेप्चार संखुवासभाको नुम गाँउपालिका वडा नं. ५ का २० बर्षिय मिनराज पराजुलीरहेका छन् ।

मंसिर २८ गते रिभरसाईड होटल एण्ड लजमा बेश्याबृत्ति गर्ने गराउने कार्य भईरहेको छ भन्ने बिशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरी टोलीले पिडितलाई उद्धार गरेको छ ।

बेश्याबृत्ति गर्ने गराउने लेप्चार पराजुली दुवै जनालाई सम्मानित जिल्ला अदालत सुनसरीबाट म्याद थप गरी अनुसन्धान कार्य भईरहेको छ ।

## श्रृखलाबद्ध चोरीमा संलग्न पक्राउ




विराटनगर । मोरङको पथरीशनिश्चरे नगरपालिका वडा नं. १ स्थित पथरी बजारमा श्रृंखलावद्ध चोरीमा संलग्न २ जनालाई प्रहरीले पक्राउ गरिएका छन् । पक्राउ पर्नेमा पथरी शनिश्चरे नगरपालिका वडा नं. १ का १९ बर्षिय निमा तामाङ र १९ बर्षिय सन्तोष सुब्बा रहेका छन् ।

उनीहरु विभिन्न मिति र समयमा मोबाईल चोरी, सवारी साधन चोरी, पसल फोडी नगद र सामान चोरी, गरगहना चोरी लगायतमा संलग्न रहदै आएका थिए । उनीहरुको साथबाट मोवाईल-३ थान, ट्यावलेट-१ थान, चाँदीको सिक्री-१ थान, गाडीको चावी-१ थान समेत बरामद गरिएको छ ।

यसअघि निमा तामाङलाई पथरी शनिश्चरेबाट डाका मुद्धामा सम्मानित जिल्ला अदालतको मिति २०७७ साउन १३ गतेको आदेशानुसार बाल सुधार केन्द्र समेत पठाईएको थियो ।

पक्राउ परेका उनीहरुलाई ईलाका प्रहरी कार्यालयबाट थप अनुसन्धान भईरहेको छ ।


## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्ते हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १



## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हच्वामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर


# तालिम केन्द्रको ५६ औं बार्षिकोत्सव सम्पन्न




बिराटनगर । १ नम्बर प्रदेश प्रहरी तालीम केन्द्र बिराटनगरको ५६ औं वार्षिकोत्सव बिविध कार्यक्रम सहित आन्तरीक रुपमा सम्पन्न भएको छ ।

प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी.को प्रमुख आतिथ्यतामा प्रदेश प्रहरी तालिम केन्द्र बिराटनगरको मंगलवार आयोजित एक बिशेष कार्यक्रमका बिच ५६ औ बार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा प्रमुख अतिथि प्रहरी नायव महानिरीक्षक बि.सी.ले व्यवासायिक प्रहरी उत्पादनको उदगमस्थल प्रहरी तालिम केन्द्रले ५६ औं वर्ष पुरा गरेको अवसरमा केन्द्रका सम्पुर्ण परिवारलाई शुभकामना दिनु भएको थियो ।

कार्यक्रममा बोल्दै वहाँले नेपाल प्रहरी सेवामा प्रवेश गर्ने जनशक्तिहरुको लागि प्रारम्भिक शिक्षा तथा उन्नत प्रशिक्षण प्रदान गर्ने कार्यमा तालिम केन्द्रको अहम भुमिका रहने र सक्षम तथा प्रभावकारी प्रहरी संगठनको उपस्थिति बनाई राख्न प्रशिक्षण पद्धतिमा समायानुकुल परिवर्तन हुनु जरुरी रहेको साथै योग्य जनशक्तिको छनौट र उचित प्रशिक्षण प्राप्त गरे पश्चात मात्रै प्रहरी कर्मचारीले कार्य क्षेत्रमा संगठनको अपेक्षा अनुरुप प्रतिफल दिन सक्ने बताएको थियो ।

समयको परिवर्तन संगसंगै नागरीकले प्रहरीबाट अपेक्षा गर्ने सेवा प्रदानमा अपेक्षित सुधार गरेर अगाडि बढ्नु अहिलेको आवश्यकता रहेको बताउँदै हिजोका दिनहरु भन्दा फरक तर सरल र सहज रुपमा सेवा प्रदान गर्ने भावनाको जरो तालिमका दिनहरु देखि नै मस्तिष्कमा गढिन जरुरी रहेको हुँदा सोही अनुसारको प्रशिक्षण प्रदान गर्न तालिम केन्द्रलाई निर्देशन समेत दिएका थिए ।

वाँहाले अनुशासन प्रहरी संगठनको गहना रहेको बताउँदै तालिम केन्द्रका प्रशिक्षकहरुको अनुशासन, यसको प्रत्यक्ष प्रभाव र तालिमको स्तरले नै भोलीको दिनमा प्रहरीहरुको कार्य सम्पादन स्तर निर्धारण गर्ने हुँदा सबैको सामुहिक कार्यले सबैजना सफल प्रशिक्षक हुन र यस तालिम केन्द्रलाई देशकै नमूना तालिम केन्द्रको रुपमा स्थापित गर्ने गरी उच्च व्यवसायिकताका साथ काम गर्न निर्देशन समेत दिनु भएको थियो ।

त्यसैगरी प्रहरी नायव महानिरीक्षक बि.सी.ले बार्षिक उत्सवको अवसरमा तालिम केन्द्रले आयोजना गरेको आन्तरिक फुटवल, भलिवल, टेवलटेनिस र ब्याडमिन्टन खेलका बिजय हुने खेलाडीहरुलाई पुरस्कार तथा प्रमाण पत्र समेत प्रदान गर्नु भएको थियो । यसैगरी तालिम केन्द्रमा बर्ष भरीमा उत्कृष्ठ कार्य गर्ने प्रहरी कर्मचारीहरुलाई समेत पुरस्कृत गर्नु भएको थियो ।

कार्यक्रममा प्रदेश प्रहरी तालिम केन्द्रका प्रहरी निरीक्षक खगेन्द्र धमालाले केन्द्रको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु हुँदै समयानुकुल आफ्नो जिम्मेवारी एवं कर्तव्य पालना गर्न सक्ने ब्यवसायिक कला, कौशल र सीपले भरिएका दक्ष प्रहरी उत्पादन गर्ने क्रममा स्थापना कालदेखि हालसम्म विभिन्न आधारभूत तथा उन्नत तालिमहरु समेत गरी कुल ७८ हजार ४ सय १२ जना प्रहरी अधिकृत तथा जवानहरुलाई प्रशिक्षित गरिसकेको जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा केन्द्रका समादेशक प्रहरी बरिष्ठ उपरीक्षक मीरा चौधरीले उपस्थित सबैमा धन्यवाद दिनु हुँदै नयाँ नयाँ चुनौतीसँग सामना गर्न सक्षम, ब्यवसायिक एवं कर्तव्यनिष्ट प्रहरी जनशक्तिको उत्पादन नै एक मात्र बिकल्प रहेकोले प्रशिक्षण पद्दतिलाई आधुनिक, ब्यवस्थित तथा उपलब्धिमुलक बनाउने कार्यमा तालिम केन्द्र निरन्तर अगाडि बढिरहेको बताउनु भएको थियो । बार्षिक उत्सब कार्यक्रममा १ नम्बर प्रदेश प्रहरी श्रीमति संघकी अध्यक्ष चारु कोईराला बि.सी. तथा पदाधीकारीहरु, र प्रहरी अधिकृत तथा जवानहरुको उपस्थिति रहेको थियो ।

# कर्ण का जन्म, लाक्षाग्रह षड्यंत्र तथा द्रौपदी स्वयंवर और अर्जुन द्धारा विराट सभामे मत्स्य भेदन

जब कुन्ती का विवाह नहीं हुआ था, उसी समय (सूर्य के अंश से) उनके गर्भ से कर्ण का जन्म हुआ था। परन्तु लोक लाज के भय से कुन्ती ने कर्ण को एक बक्से में बन्द करके गंगा नदी में बहाया।अ कर्ण गंगाजी में बहता हुआ जा रहा था कि महाराज धृतराष्ट्र के सारथी अधिरथ और उनकी पत्नी राधा ने उसे देखा और उसे गोद ले लिया और उसका लालन पालन करने लगे ।

कुमार अवास्था से ही कर्ण की रुचि अपने पिता अधिरथ के समान रथ चलाने कि बजाए युद्धकला में अधिक थी । कर्ण और उसके पिता अधिरथ आचार्य द्रोण से मिले जो कि उस समय युद्धकला के सर्वश्रेष्ठ आचार्यों में से एक थे। द्रोणाचार्य उस समय कुरु राजकुमारों को शिक्षा दिया करते थे ।

उन्होने कर्ण को शिक्षा देने से मना कर दिया क्योंकि कर्ण एक सारथी पुत्र था और द्रोण केवल क्षत्रियों को ही शिक्षा दिया करते थे । द्रोणाचार्य की असम्मति के उपरान्त कर्ण ने परशुराम से सम्पर्क किया जो कि केवल ब्राह्मणों को ही शिक्षा दिया करते थे । कर्ण ने स्वयं को ब्राह्मण बताकर परशुराम से शिक्षा का आग्रह किया ।

परशुराम ने कर्ण का आग्रह स्वीकार किया और कर्ण को अपने समान ही युद्धकला और धनुर्विद्या में निष्णात किया । इस प्रकार कर्ण परशुराम का एक अत्यंत परिश्रमी और निपुण शिष्य बना। कर्ण दुर्योधन के आश्रय में रहता था । दैवयोग तथा शकुनि के छल कपट से कौरवों और पाण्डवों में वैर की आग प्रज्वलित हो उठी। दुर्योधन बड़ी खोटी बुद्धि का मनुष्य था ।

उसने शकुनि के कहने पर पाण्ड्वो को बचपन में कई बार मारने का प्रयत्न किया । युवावस्था में आकर जब गुणो में उससे अधिक श्रेष्ठ युधिष्ठर को युवराज बना दिया गया तो शकुनि ने लाक्ष के बने हुए भवन में पाण्डवों को रखकर आग लगाकर उन्हें जलाने का प्रयत्न किया किन्तु विदुर की सहायता से पाँचों पाण्डव अपनी माता के साथ उस जलते हुए घर से बाहर निकल गये ।

वहाँ से एकचक्रा नगरी में जाकर वे मुनि के वेष में एक ब्राह्मण के घर में निवास करने लगे। फिर बक नामक राक्षस का वध करके व्यास जी के कहने पर वे पांचाल-राज्य में, जहाँ द्रौपदी का स्वयंवर होनेवाला था, गए।पांचाल-राज्य में अर्जुन के लक्ष्य-भेदन के कौशल से मत्स्यभेद होने पर पाँचों पाण्डवों ने द्रौपदी को पत्नीरूप में प्राप्त किया ।

इन्द्रप्रस्थ की स्थापना

पाण्ड्व श्रीकृष्ण के साथ खाण्डववन में मय दानव तथा विश्वकर्मा द्वारा निर्मित इन्द्रप्रस्थ नगर को देखते हुए ।

द्रौपदी स्वयंवर के पहले विदुर को छोड़ कर सभी पाण्ड्वो को मृत समझने लगे और इस कारण धृतराष्ट्र ने इस कारण शकुनि के कहने पर दुर्योधन को युवराज बना दिया । द्रौपदी स्वयंवर के तत्पश्चात दुर्योधन आदि को पाण्ड्वो के जीवित होने का पता चला ।

पाण्ड्वो ने कौरवों से अपना राज्य मांगा परन्तु गृहयुद्ध के संकट से बचने के लिए युधिष्ठर ने कौरवों द्वारा दिए खण्डहर स्वरुप खाण्डव वन आधे राज्य के रूप में प्राप्त किया । पाण्डुकुमार अर्जुन ने श्रीकृष्ण के साथ खाण्डव वन खाण्डव वन को जला दिया और इन्द्र के द्वारा की हुई वृष्टि का अपने बाणों के (छत्राकार) बाँध से निवारण करते हुए अग्नि को तृप्त किया ।

वहाँ अर्जुन और कृष्ण जी ने समस्त देवताओ को युद्ध में परास्त कर दिया। इसके फलस्वरुप अर्जुन ने अग्निदेव से दिव्य गाण्डीव धनुष और उत्तम रथ प्राप्त किया और कृष्ण जी ने सुदर्शन चक्र प्राप्त किया था । उन्हें युद्ध में भगवान कृष्ण-जैसे सारथि मिले थे तथा उन्होंने आचार्य द्रोण से ब्रह्मास्त्र आदि दिव्य आयुध और कभी नष्ट न होने वाले बाण प्राप्त किये थे । इन्द्र अपने पुत्र अर्जुन की वीरता देखकर अतिप्रसन्न हुए। इन्द्र के कहने पर देव शिल्पि विश्वकर्मा और मय दानव ने मिलकर खाण्डव वन को इन्द्रपुरी जितने भव्य नगर में निर्मित कर दिया, जिसे इन्द्रप्रस्थ नाम दिया गया ।

पाण्डवों की विश्व विजय और उनका वनवास

कुरु राज्य सभा मे अपमानित हुई द्रौपदी

सभी पाण्डव सब प्रकार की विद्याओं में प्रवीण थे। पाण्डवों ने सम्पूर्ण दिशाओं पर विजय पाई और युधिष्ठिर राज्य करने लगे । उन्होंने प्रचुर सुवर्णराशि से परिपूर्ण राजसूय यज्ञ का अनुष्ठान किया । उनका यह वैभव दुर्योधन के लिये असह्य हो उठा। उसने अपने भाई दु:शासन और वैभव प्राप्त सुहृद् कर्ण के कहने से शकुनि को साथ ले, द्यूत-सभा में जूए में प्रवृत्त होकर, युधिष्ठिर को उसके भाइयो, द्रौपदी और उनके राज्य को कपट-द्यूत के द्वारा हँसते-हँसते जीत लिया ।

दुर्योधन ने कुरु राज्य सभा में द्रौपदी का बहुत अपमान किया, उसे निर्वस्त्र करने क प्रयास किया। श्रीकृष्ण ने उनकी लाज बाचाई तत्पश्चात द्रौपदी सभी लोगो को श्राप देने ही वाली थी परन्तु गांधारी ने आकर ऐसा होने से रोक दिया। साथ ही में जूए में परास्त होकर युधिष्ठिर अपने भाइयों के साथ वन में चले गये। वहाँ उन्होंने अपनी प्रतिज्ञा के अनुसार बारह वर्ष व्यतीत किये । वे वन में भी पहले ही की भाँति प्रतिदिन बहुसंख्यक ब्राह्मणों को भोजन कराते थे । (एक दिन उन्होंने) अठासी हजार द्विजोंसहित दुर्वासा को (श्रीकृष्ण-कृपा से) परितृप्त किया। वहाँ उनके साथ उनकी पत्नी द्रौपदी और पुरोहित धौम्यजी भी थे ।

बारहवाँ वर्ष बीतने पर वे विराट नगर में गये। वहाँ युधिष्ठिर सबसे अपरिचित रहकर 'कंक' नामक ब्राह्मण के रूप में रहने लगे । भीमसेन रसोइया बने थे । अर्जुन ने अपना नाम 'बृहन्नला' रखा था । पाण्डव पत्नी द्रौपदी रनिवास में सैरन्ध्री के रूप में रहने लगी । इसी प्रकार नकुल-सहदेव ने भी अपने नाम बदल लिये थे ।

भीमसेन ने रात्रिकाल में द्रौपदी का सतीत्व-हरण करने की इच्छा रखने वाले कीचक को मार डाला । तत्पश्चात कौरव विराट की गौओं को हरकर ले जाने लगे, तब उन्हें अर्जुन ने परास्त किया । उस समय कौरवों ने पाण्डवों को पहचान लिया। श्रीकृष्ण की बहन सुभद्रा ने अर्जुन से अभिमन्यु नामक पुत्र को उत्पन्न किया था उसे राजा विराट ने अपनी कन्या उत्तरा ब्याह दी ।

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# औषधी उपचारमा संलग्न विचौलिया प्रहरीको फन्दामा



विराटनगर । औषधी उपचारमा संलग्न ४ जना विचौलीयाहरुलाई प्रहीले पक्राउ गरेको छ । विचौलिया कार्यमा संलग्नहरुलाई बिरानगर महा-नगरपालिका वडा नं. ७ स्थितबाट चारैजनालाई प्रहरीले बुधवार पक्राउ गरेको थियो ।

पक्राउ पर्नेमा बिरानगर महानगर पालिका वडा नं. १९ का ४६ बर्षिय विनोद राय, वडा नं. ५ का ६० बर्षिय रामा सुनुवार, ४५ बर्षिय दिलीप साह र वडा नं. १२ का ३९ बर्षिय शिव कुमार कामत रहेका छन ।

उनीहरुले आफ्नो सम्पर्कमा भएको अस्पतालमा चिकित्सक राम्रो छ भन्ने र आफुलाई कमिशन दिने फार्मेसीमा औषधी किन्न बाध्य गराउने कार्य गरी सर्वसाधारणलाई दुःख हैरानी दिएको भन्ने सुचना प्राप्त भएपछि खोजतलास शूरु गरेको थियो ।

सोही जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले मंसिर २९ गते पक्राउ गरी चारै जनालाई आवश्यक अनुसन्धान गरीरहेको छ ।

# मुद्दाको फरार प्रतिवादी पक्राउ

बिराटनगर । बैकिङ कसुर मुद्धामा फरार रहेकी महिलालाई पक्राउ गरिएको छ ।

धरान उम-महनगरपालिका वडा नं. ७ की ५० सुनिला याखालाई १ नम्बर प्रदेश प्रहरी कार्यालय, रिट बाट खटिएको प्रहरी टोलीले खोजतलास गर्दै जाँदा गाउँघरमा नै लुकिछिपी बसेको अबस्थामा हिजो पक्राउ गरेको हो ।

बैकिङ कसुर मुद्धामा सम्मानित उच्च अदालत बिराटनगरको मिति २०७८ बैशाख १६ गतेको फैसला आदेशले १ बर्ष ६ महिना कैद र नगद रु.५ लाख ८ हजार ३ सय ३८ रुपैया ३३ पैसा जरिवाना भएता पनि हालसम्म फरार रहेकी याखालाई गत शनिवार पक्राउ गरी सम्मानित सुनसरी जिल्ला अदालतमा दाखिला गराई कारागार चलान गरिएको थियो ।


## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।
२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।
३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०



## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाईर?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

*3. यसबाट बच्न के–के गर्ने ?*

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १


## सार्वजनिक...

सार्वजनिक निकायको तर्फबाट निर्माण क्षेत्रमा कार्यरत प्राविधिक कर्मचारीले आर्थिक लाभ लिन्छन् भन्ने मनोविज्ञानबाट नीति निर्माण गरी उनीहरूलाई राज्यले कार्यबोझ र कार्यप्रकृति अनुरूप मौद्रिक तथा गैरमौद्रिक सेवा सुविधा उपलब्ध नगराउनु पनि अहिलेको प्रमुख समस्या मध्येको एक हो ।

नेपालमा जति प्रशासनिक सुधारका बहस भए ती बहस भित्र प्राविधिक जनशक्तिको उपयोगिता र प्रयोग सम्बन्धी विषय सधैं ओझेलमा परेको देखिन्छ । सामान्य प्रशासनलाई बढी महत्व प्रदान गरियो, जति पनि प्रशासन सुधारका समिति बने त्यसमा सामान्य प्रशासन क्षेत्रकै व्यक्ति संलग्न भए, सामान्य प्रशासनलाई नै आधार मानेर नीतिगत, कानूनी तथा संस्थागत सुधारका सुझाव प्रदान गरिए ।

राज्यले विकासका लागि आवश्यक संस्थागत र नीतिगत सुधार गर्न तथा मोडालिटी तय गर्नै सकेन । भएका विकासे अड्डा पनि व्यक्ति केन्द्रित र संस्था केन्द्रित मनोविज्ञान तथा स्वार्थबाट अभिप्रेरित रहेको गुनासो सुनिन्छ । न त विकास मोडालिटीको मुद्दा राज्यको तर्फबाट उठ्यो न सो क्षेत्रका व्यक्तिले उठाए, यी र यस्ता विषय, मनोविज्ञान पनि सार्वजनिक खरीद, विकास निर्माणका बाधकका रूपमा रहेका छन् ।

हेर्दा सामान्य तर प्रभावका हिसाबले महत्वपूर्ण विषय भनेको अर्थ मन्त्रालय तथा योजना आयोग जस्ता निकायले आर्थिक विकासका सूचक, न्यून बजेट विनियोजन तथा बजेट खर्चलाई मात्र प्राथमिकता राख्नु, उपलब्धि ठान्नु तर भौतिक पूर्वाधार योजना तर्जुमा, विकास तथा कार्यान्वयनलाई कमै ध्यान दिनु तथा कार्यान्वयन गर्ने निकायको सहभागिता अनिवार्य हो भन्ने नठान्नु हो । बजेट तर्जुमा तथा विनियोजनमा विषयगत मन्त्रालय तथा निकायको उपस्थिति तथा भूमिकालाई न्यून पारिएको छ ।

कानूनले सार्वजनिक निकायबाट हुने खरीद कार्यको अनुगमन, नियमन र सार्वजनिक खरीद प्रणालीलाई व्यवस्थित गर्ने जिम्मेवारी सार्वजनिक खरीद अनुगमन कार्यालयलाई प्रदान गरेतापनि सो निकायले स्थिर प्रशासनिक नेतृत्व नपाउँदा तथा उच्च प्रशासकले सो कार्यालयलाई नरुचाउनुले सो कार्यालयले ऐनले तोके अनुसारको जिम्मेवारी कमै पूरा गरेको देखिन्छ । सोका अलावा विभिन्न मन्त्रालय, विभाग आदिमा पटक पटक हुने प्रशासनिक नेतृत्वको परिवर्तनले पनि समस्या उत्पन्न हुने गरेको छ ।

निर्माण व्यवसायीहरू करार सम्झौता बमोजिम कानूनी उपचार नखोजी सीधै अदालत जाने र सम्मानित अदालतबाट हुने निषेधाज्ञा, अल्पकालीन, अन्तरिम आदेश, पेशी तोक्न लामो समय लाग्ने आदिको कारण निर्माण व्यवसायीलाई गरिने कारबाही तथा खरीद तथा ठेक्का व्यवस्थापनको प्रक्रिया लामो र झन्झटिलो बन्ने गरेको छ । यसर्थ, करार सम्झौता अनुसार विवाद समाधानको प्रयत्न नगरिनु पनि समस्या हो । अर्को अहिलेको समस्या भनेको इन्जिनियरिङ्ग व्यवसाय ऐन नहुनु हो ।

सार्वजनिक निकाय बाहेक परामर्शदाता तथा निर्माण व्यवसायीको तर्फबाट इन्जिनियरिङ्ग पेशामा संस्थागत तथा व्यक्तिगत रूपमा संलग्न व्यक्ति तथा संस्थालाई नियमन गर्ने कानूनी व्यवस्था रहेको देखिंदैन । उदाहरणको लागि परामर्शदाताले गलत वैयक्तिक विवरण हालेर परामर्श सेवाको ठेक्का लिने गरेको गुनासो बढी देखिन्छ तर त्यसलाई नियमन गर्न सकिने गरी स्पष्ट कानूनी व्यवस्था रहेको देखिंदैन ।

जबसम्म यी कुरामा सुधारको लागि बहस, प्रयास गरिंदैन, अन्य सुधारका प्रयासले सार्वजनिक खरीदमा देखिएको समस्या तत्कालै हट्ला, हाम्रो विकासले गति प्राप्त गर्ला, तोकिएको लागत, समय र गुणस्तरमा कार्य सम्पन्न होला भनेर विश्वास गर्ने कमै आधार देखिन्छ ।

संशोधनको प्रयास तथा संभावित परिणाम

खरीद ऐन संशोधन अहिले बहसको विषय बनिरहेको छ । ऐनमा केही प्रक्रियागत विषयमा संशोधन बाहेक र्‍याडिकल परिवर्तन आउने गरी संशोधनको प्रयास भने नभएको देखिन्छ ।

काम नगर्ने र नगराउने मनोवृत्तिलाई रोक्ने प्रयास बढी गरिएको छ भने मौजूदा ऐन अनुसार नै कुशलतापूर्वक कार्य गर्न गराउन चाहनेलाई तात्विक फरक नपार्ने देखिन्छ । अहिले चर्चा चले जस्तो ऐनमा परिमार्जन भए केही महत्वपूर्ण विषयमा पर्न सक्ने प्रभाव र जटिलताका सम्बन्धमा यहाँ चर्चा गर्न खोजिएको छ ।

१.नयाँ संशोधनमा सार्वजनिक निर्माणको लागि बोलपत्र पेश गर्ने समय तथा बोलपत्र स्वीकृत भएपछि प्रकाशन गरिने आशयको सूचनाको समयावधि घटाउने प्रस्ताव गरिएको छ । मौजूदा ऐनमा बोलपत्रदाताले निर्माण स्थलको अवलोकन गरी बोलपत्र हाल्नुपर्ने तथा सार्वजनिक निकायले निर्माण स्थलको भ्रमण गर्ने व्यवस्था मिलाउन सक्ने व्यवस्था रहेको छ ।

हाल बोलपत्रदाताले निर्माण स्थलको भ्रमण नगरी, आफ्ना प्राविधिकबाट स्थलगत भेरिफिकेशन नगराई बोलपत्र प्रस्ताव गर्ने परिपाटी रहेकोले न्यून अंक कबोल गर्ने, गुणस्तरीय कार्य नगर्ने, विभिन्न किसिमका विवाद सिर्जना गर्ने गरेको देखिन्छ ।

बोलपत्र पेश गर्ने समय अवधिको महत्वलाई आत्मसात् नगरेको कारण समस्या निम्तिएको देखिएको हुनाले यसको सट्टा सार्वजनिक निकायले अनिवार्य रूपमा बोलपत्रदाताबाट प्रस्तावित हुने जनशक्ति सहित निर्माण स्थलको अवलोकन गर्ने गराउने व्यवस्था राख्न सकिएको खण्डमा थप प्रभावकारी हुने र अहिले देखिएका समस्या धेरै हल हुन जाने देखिन्छ । अर्कोतर्फ बोलपत्र संशोधन वा फिर्ता गर्ने अवधि परिवर्तन गर्न सकेको खण्डमा मिलेमतो गर्ने परिपाटीको अन्त्य गर्न सघाउँदछ ।

२. निर्माण व्यवसायीले ठेक्का हालिसकेपछि ४५ दिनभित्र मूल्यांकन गरिसक्नुपर्ने प्रस्ताव गरिएको छ । कानूनमा नै यसरी समय तोक्दा यसले अत्यन्त जटिलता आउने देखिन्छ । बोलपत्रको प्रकार, बोलपत्रदाताको संख्या, मूल्याङ्कनका क्रममा देखिएका अस्पष्टताका विषयमा बोलपत्र दाताबाट लिनुपर्ने थप स्पष्टीकरण लगायतका कारण ४५ दिनभित्रको समयमा मूल्याङ्कन नसकिने अवस्था आउन सक्ने देखिन्छ । जटिलता ल्याउने प्रावधान कानूनमा राख्नु भन्दा सहज रूपले कार्य हुने व्यवस्था गरिनु पर्दछ ।

३. टुक्रा पार्ने र ठूलो प्याकेज बनाउन नपाइने व्यवस्था प्रस्ताव गरिएको छ । विद्यमान ऐनमा नै प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गर्न र ठूला प्याकेज वा खरीद विधि परिवर्तन हुने गरी ठेक्का गर्न नपाइने स्पष्ट व्यवस्था रहे पनि यो नियन्त्रण हुनसकेको छैन । टुक्रा र प्याकेजिङ्ग आवश्यकता र औचित्यका आधारमा गर्नु पनि पर्दछ । कहीं कतैको गलत अभ्यासलाई आधार बनाएर कानूनलाई अत्यन्तै वस्तुगत बनाउँदा त्यसले थप जटिलता ल्याउन सक्दछ ।

४. न्यून अङ्क कबोल गर्ने बोलपत्रदाताको हकमा मूल्याङ्कनको केही थप नयाँ व्यवस्था गरिएको छ । ३० प्रतिशत भन्दा कम कबुल गरेमा बोलपत्रदातासँग दर विश्लेषण माग गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

बोलपत्रदाताले पेश गर्ने दर, व्यवस्थापन विधि, कार्यसम्पादन गर्ने तरिकाका आधारमा सार्वजनिक निकायले उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्न सक्ने व्यवस्था गरिएको छ।

अहिलेको हाम्रो समस्या सार्वजनिक निकायमा रहेका पदाधिकारीको निर्णय क्षमता र ठोस निर्णय लिन हिचकिचाउने प्रवृत्ति रहेको हुँदा यस्तो व्यवस्थाको कार्यान्वयनको पाटो चुनौतीपूर्ण रहन सक्ने देखिन्छ ।

५. आयोजना लिने तर काम नगर्ने निर्माण व्यवसायीलाई कडा कारबाही गर्ने प्रावधान राख्नुपर्ने धेरैको तर्क रहेको छ । ठेक्का तोड्नुपर्ने अवस्था आए निर्माण व्यवसायीसँग थप २५ प्रतिशत रकम थपेर असुल्ने प्रस्ताव गरिएको छ । तर मौजूदा कानूनले नै काम नगर्ने निर्माण व्यवसायीलाई कारबाहीको लागि पर्याप्त व्यवस्था गरेता पनि सार्वजनिक निकायका पदाधिकारी वा आयोजना प्रमुख कारबाहीका लागि किन हिचकिचाउँछन्, त्यसको भित्री पाटोको अध्ययन भने कमै भएको देखिन्छ ।

६. मोबिलाइजेसन खर्च बापत निर्माण व्यवसायीले पाउने पेश्की रकमलाई १० प्रतिशतमा सीमित राख्ने तथा सो रकम शुरु ठेक्का सम्झौता अवधि भित्रै फर्छ्यौट गरी सक्नुपर्ने प्रस्ताव गरिएको छ । सम्बन्धित कार्यमा मात्र मोबिलाइजेसन पेश्की खर्च गर्नुपर्ने तथा खर्चको विवरण सार्वजनिक निकायलाई पेश गर्नुपर्ने व्यवस्था सहित अधिकतम २० प्रतिशत रकम दिन सकिने व्यवस्था मौजूदा ऐनमा रहेको छ ।

निर्माण कार्यलाई तीव्रताका साथ तोकिएको समयमा नै सम्पन्न गर्न पेश्की रकम आवश्यक रहन पनि सक्दछ । मौजूदा व्यवस्थाको कार्यान्वयन मात्र गर्न सकेको खण्डमा पनि पेश्की रकमको दुरूपयोग रोक्न सकिन्छ ।

७. धेरै भीओ (भेरिएसन अर्डर) आउने गरी डिजाइन गर्ने परामर्शदाता कम्पनीलाई पनि कालोसूचीमा राख्ने र स्वीकृत गर्ने सरकारी कर्मचारीलाई विभागीय कारबाही गर्ने प्रस्ताव गरिएको छ । कुनै पनि निर्माण योजनामा भेरिएसन अर्डर हुँदै हुँदैन, गर्नै हुँदैन भन्ने मान्यता राख्नुहुँदैन । कानून बनाउँदा कुनै पनि विषयलाई बन्देज लगाउने प्रावधान राख्नु भन्दा पनि असल नियत सहित जिम्मेवार र जवाफदेही भएर कार्य गर्न गराउन उत्प्रेरित हुने गरी व्यवस्था राखिनुपर्दछ ।

भेरिएसन गर्नै कठिन हुने प्रावधान राख्दा थोरै रकम खर्च गरेर सार्वजनिक निर्माणलाई थप प्रभावकारी तथा गुणस्तरीय बनाउने कार्य निरुत्साहन हुने देखिन्छ । सानोतिनो भीओको अधिकार जिम्मेवार बनाएर आयोजना प्रमुखलाई नै दिन प्रस्ताव गरिएको छ । मौजूदा ऐनले नै सानोतिनो भीओको अधिकार द्वितीय श्रेणीसम्मको आयोजना प्रमुखलाई दिएकोले भेरिएशन, म्याद थपको सम्पूर्ण अधिकार आयोजना प्रमुखलाई प्रदान गरी तालुक निकायले अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनुपर्दछ ।

८. म्याद थपलाई शुरु सम्झौता अवधिको अधिकतम ५० प्रतिशतमा सीमित राख्न प्रस्ताव गरिएको छ । विशेष परिस्थितिको पूर्वानुमान गर्न नसकिने हुँदा कुनै मनासिव कारण भए पनि म्याद थप गर्न कठिनाइ हुन जाने देखिन्छ भने अर्कोतर्फ शुरुमा नै ठेक्का अवधि बढाउने प्रचलन मौलाउन सक्दछ ।

९. राम्रो काम गर्ने निर्माण कम्पनी र कर्मचारीलाई प्रोत्साहन गर्ने प्रस्ताव गरिएको छ । मौजूदा कानूनमा समय अगावै कार्य सक्ने निर्माण व्यवसायीलाई पुरस्कार दिन सकिने व्यवस्था रहेता पनि कार्यान्वयन कमै भएको छ । ठेक्का सम्झौताको अवधि वैज्ञानिक तवरले तय गरिएन भने शुरुमै निर्माण अवधि बढी राख्न सक्ने र पुरस्कार लिने दिने व्यवस्था स्वार्थ प्रेरित बन्न सक्ने सम्भावना रहन्छ ।

अर्कोतर्फ निर्माण कार्यमा आयोजना प्रमुख सहितको टोलीले प्रदर्शन गर्ने कार्यदक्षता, प्रभावकारिता, मितव्ययिता लगायत आधारमा नेतृत्व तथा व्यवस्थापकीय क्षमता परीक्षण गरी सोको आधारमा कर्मचारीलाई प्रोत्साहित गर्न सकिन्छ ।

१०. निर्माण व्यवसायीले खरीद सम्झौताको कार्यान्वयनमा ढिलाइ गरेमा वा ढिलाइ हुने अवस्था देखिएमा उक्त कार्य सम्पन्न नहुन्जेल नयाँ खरीद प्रक्रियामा भाग लिन नपाउने गरी रोक लगाउने सकिने नयाँ व्यवस्था थप गरिएको छ । यसले काम नगर्ने निर्माण व्यवसायीलाई तत्कालै कारबाही गरी सम्झौता अनुसारको कार्य सम्पन्न गर्न थप बाध्य बनाउने देखिन्छ ।

अन्त्यमा विकासमा राजनीति, कानून कार्यान्वयनमा उदासीनता र पक्षपात एवम् गलत काम गर्नेलाई संरक्षण र प्रोत्साहन गरी रहेसम्म एउटा क्षेत्रमा एउटा निकायले गर्ने सुधार वा तत्काललाई हेरेर खरीद ऐनमा संशोधन गर्दैमा कुनै ठोस परिणाम नआउन सक्छ । अहिले सार्वजनिक खरीद ऐन कम, सार्वजनिक खरीदका विकृति निवारण ऐन बढी जस्तो हुने गरी संशोधनको प्रयास गरिएको महसूस गरिएको छ ।

यद्यपि सुधार एउटा निरन्तर प्रक्रियाको शृंखला भएकोले ऐनमा गर्न लागिएको संशोधनलाई सकारात्मक रूपमा नै लिनुपर्दछ । सार्वजनिक निकायमा कार्यरत कर्मचारीलाई उत्प्रेरित, उनीहरूको निर्णय क्षमतामा विकास, कार्यसम्पादनका आधारमा म्रौद्रिक तथा गैर मौद्रिक सुविधाको उपलब्धता, डिजिटल प्रविधिको महत्तम प्रयोग, निर्माण व्यवसायीको क्षमता विकास, काम नगर्नेलाई कारबाही तथा काम गर्नेलाई पुरस्कार लगायतको व्यवस्था गर्न सकिएको खण्डमा सार्वजनिक खरीदमा देखिएका विषयमा धेरै सुधार गर्न सकिन्छ ।

सार्वजनिक खरीद दुई पक्षको सम्झौताको शर्तद्वारा बढी निर्देशित हुने हुँदा ऐन, नियमावलीमा अनावश्यक, झन्झटिलो तथा प्रक्रियागत प्रावधान राखिनुहुँदैन । आयोजना प्रमुखलाई नै सम्पूर्ण विषयमा निर्णय गर्न सक्ने गरी जिम्मेवारी सहितको अधिकार प्रत्यायोजन गरी तालुक निकाय अनुगमन तथा मूल्याङ्कनमा सीमित हुनुपर्दछ ।

आवरणमा देखिएका समस्या सम्बोधनका लागि संशोधनको प्रयास गरिनु भन्दा, समग्र सार्वजनिक खरीद ऐनमा देखिएका प्रक्रियागत, व्यवस्थापकीय, संरचनागत लगायतका समस्याको सूक्ष्म अध्ययन, विश्लेषण गरी नतिजामूलक सार्वजनिक खरीदलाई केन्द्रमा राखेर सुधारको प्रयास गरिनुपर्दछ।

लेखक स्थानीय पूर्वाधार विभाग, पुल्चोकमा कार्यरत इन्जिनियर हुन् । अनलाईन खबरबाट